URL：http://ccmc.ac.jp/top/covid-19/

# नयाँ कोरोनाभाइरस संक्रमणको सम्बन्धमा हाम्रो कलेजको प्रतिक्रिया सम्बन्धि

हामीले अप्रिल महिनाबाट डिस्टान्स शिक्षा प्रणाली सुचारु गरेका थियौं र जून महिनाबाट प्रत्यक्ष अनि डिस्टान्स शिक्षा दुबै सञ्चालन गर्दै आएका छौं। शैक्षिक र समय तालिका समायोजन पछि, सबै पाठ्यक्रमहरू सुनिश्चित गरी, नयाँ र हालका बिद्यार्थीहरू सबैलाई समाबेश गरी प्रत्येक कक्षाको शैक्षिक पाठ्यक्रम पूरा गर्न र कुनै समस्या बिना उनीहरूको स्नातक प्रमाणित गर्न सक्षम हुनेछौं। साथै, हालको स्थिति गाह्रो भए पनि रोजगार खोज्ने गतिविधिहरूमा, नयाँ रोजगार प्राप्तिका लागि गरिनुपर्ने प्रक्रियाहरु जस्तै अनलाइन अन्तर्वार्ताहरू आदिको प्रयोग संगै हामी सक्रिय रूपमा रोजगार प्राप्तिका गतिविधिहरू विकास गरिरहेका छौं। सरकार, शिक्षा मन्त्रालय, टोकियो महानगरपालिका आदिबाट जारी सूचना र जानकरीमा

## (1) संक्रामक रोगहरू विरुद्ध हाम्रा उपायहरू

आधारित भई "विद्यार्थी र संकाय सदस्यहरू लगायत कलेजसंग संलग्न सबै पक्षहरूको सुरक्षालाई प्राथमिकता दिएर विभिन्न तवरमा संक्रमण र संक्रमणको विस्तार रोक्ने हाम्रो अथक प्रयास जारी रहनेछ।

・ कलेज भवनको प्रवेशद्वारमा तापक्रम गेज सेटअप गरिएको छ र प्रवेश गर्ने सबै महानुभावको हातलाई अल्कोहोल युक्त सानिटाइजर प्रयोग गरी किटाणुमुक्त गरिन्छ। संकाय सदस्य र स्टाफद्वारा

### ○ कलेजको प्रवेशद्वारमा तापक्रम मापन र हात कीटाणुशोधन

प्रवेशस्थलमा तापक्रमगेज द्वारा ज्वरो मापन गरिन्छ।

### ○ विकेन्द्रीकृत उपस्थिति द्वारा भीड समायोजन गरी प्रतक्ष्य र अनलाइन कक्षा सञ्चालन（6/1 ~）

・कलेजमा उपस्थिति हुने मितिका साथै, नयाँ र हालका विद्यार्थीहरूको समय तालिका छुट्याएर भीड नहुनेगरी, प्रतक्ष्य र अनलाइन कक्षा संचालन गरी पठन पाठन कार्यान्वयन गरिदैछ।

・प्रतक्ष्य अनि घरमै बसेर पनि अध्ययन गर्न सकिने माध्यमहरुको संयोजन गर्दै एकीकृत कक्षा सञ्चालन गरिरहेका छौं।

### ○ मास्कको प्रयोग, भेन्टिलेसन र पूर्ण कीटाणुशोधन

・कक्षाअवधि भरिनै अनिवार्य मास्क लगाउने

・कक्षाअवधिभर पूर्ण तवरमा वेन्तिलेसन्

・शिक्षकहरू र विद्यार्थीहरूले कक्षाकोठा प्रयोग गरिसके पछि सम्पूर्ण सफाई